# सेवा केन्द्र स्थापना तथा संचालन सम्बन्धी कार्यविधि निर्देशिका, २०६५

**प्रस्ताबना:** सार्वजनिक सेवामा पहुँच नपुगेका दुर्गम, अति बिकट पहाडी तथा ग्रामीण क्षेत्रमा बसोबास गर्ने जनतालाई तोकिएका सार्वजनिक सेवाहरु एकै थलोबाट विना हैरानी एवं सास्ती, कम लागत र समयमा गुणस्तरीय तबरले उपलब्ध गराई जनउत्तरदायी समन्याययुक्त लोकतान्त्रिक शासन व्यवस्थाको जग बलियो बनाउन मुलुकका सबै प्रशासकीय जिल्लामा निर्धारित इलाकाहरुमा सेवा केन्द्रको स्थापना गर्दै त्यस्ता केन्द्रबाट नै सेवा प्रदान गर्न वाञ्छनीय देखिएकोले,

नेपाल सरकारले सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ४५ तथा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३६ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि निर्देशिका जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो निर्देशिकाको नाम **"सेवा केन्द्र स्थापना तथा संचालनसम्बन्धी कार्यविधि निर्देशिका, २०६५"** रहनेछ ।

(२) यो निर्देशिका मन्त्रिपरिषद्बाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **सेवा केन्द्रको स्थापनाको उद्देश्यः** सेवा केन्द्र स्थापनाको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(१) स्थानीय स्तरमा प्रवाह हुने वस्तु तथा सेवालाई सहज र सरल तरीकाले कम लागत तथा समयमा एकै थलोबाट एकीकृत तवरले उपलब्ध गराउनु,

(२) सेवा प्रवाहमा भौगोलिक विकटताले पारेको असरलाई न्यून पारी न्यायपूर्ण सार्वजनिक वितरण प्रणाली स्थापना गर्नु,

(३) ग्रामीण क्षेत्रमा सेवा प्रदायक तथा सेवाग्राही जनताबीचको दूरीलाई कम गर्दै जनउत्तरदायी शासकीय प्रणालीको स्थापना गर्नु,

(४) केन्द्रीकृत सार्वजनिक सेवा विवरण प्रणाली व्यवस्थाको अन्त्य गरी निक्षेपित सेवा प्रणालीको विकास गर्नु,

(५) प्रभावकारी सार्वजनिक सेवा वितरण प्रणालीको स्थापना गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रको पूर्वाधार वलियो बनाउनु ।

३. **सेवाकेन्द्रको स्थापनाः** देहायका मापदण्डका आधारमा सेवा केन्द्रको स्थापना गरिनेछ :-

(१) सेवा केन्द्र स्थापनाकोलागि यो निर्देशिकाको जारी हुँदाका बखत मुलुकमा कायम रहेका प्रशासकीय जिल्लालाई जनसंख्या र भूगोलको आधारमा ९ देखि १७ इलाकालाई यथावत् कायम गरिनेछ ।

(२) खण्ड (१) बमोजिम इलाका विभाजन गर्दा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को अधिकार प्रयोग गरी यो निर्देशिका लागू हुँदा कायम रहेका इलाकालाई नै आधार मानिनेछ ।

(३) हरेक जिल्लामा सेवा केन्द्र स्थापना गर्नका लागि प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा, स्थानीय विकास अधिकारी र जिल्लाका सेवा प्रवाहसंग सम्बन्धित निकाय प्रमुखहरु तथा स्थानीयस्तरमा क्रियाशील विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु समेत सहभागी रहेको एउटा सेवा केन्द्र सिफारिश समिति गठन हुनेछ । सो समितिको सिफारिसलाई समेत आधारमा लिई नेपाल सरकारले सो जिल्लाका लागि सेवा केन्द्र स्वीकृत गर्नेछ ।

(४) खण्ड (३) बमोजिमको समितिले सेवा केन्द्रको सिफारिश गर्दा देहायका मापदण्डहरुलाई आधारमा लिइ सोको विस्तृत अध्ययन एवं विश्लेषण समेत गरी निर्णय लिनुपर्नेछ ।

क. **सेवा प्रवाहको स्थिति र सेवाकेन्द्रको आवश्यकता** : सरकारको तर्फबाट जिल्लामा प्रवाह भइरहेको सेवाको अवस्था, जनतालाई सरकारी सेवा लिन लाग्ने समय, भौगोलिक कठिनाई, सरकारी निकाय र जनताबीचको सम्बन्धको बारेमा विश्लेषण र सेवाकेन्द्रबाट वितरण हुने नियमित सेवा, आंशिक सेवा र घुम्ती सेवाको विवरण, हाल जिल्लामा वितरण गरिएको भन्दा थप कुनै सेवा उपलब्ध गराउन सकिन्छ भने सो समेत उल्लेख गर्नुपर्नेछ ।

ख **सेवा केन्द्रको संख्या:** सेवा केन्द्र कति वटा खोल्ने हो सो निश्चित गर्ने र त्यसपछि स्रोत, साधन र उपलब्ध जनशक्ति र आवश्यकता समेतका आधारमा चालू वर्षमा खोलिने कम्तीमा २ वटा सेवा केन्द्र समेतको सिफारिश गर्ने । यसरी सिफारिश गर्दा सदरमुकामबाट टाढा र सेवा वितरणको लागि अत्यावश्यक देखिएका क्षेत्रलाई प्राथमिकता दिनुपर्नेछ ।

ग. सेवा केन्द्रको लागि आवश्यक पूर्वाधार विकास : प्रस्तावित सेवा केन्द्रको बारेमा निम्न बमोजिमको विश्लेषण गर्ने:

- जिल्ला सदरमुकाम बाहिरको ग्रामीण वा शहरी क्षेत्रभित्र सदरमुकामबाट केन्द्रको दूरी कति छ ?
- सेवाग्राहीलाई पहुँचको हिसावले सहज हुन्छ/हुँदैन ?
- भौगोलिक रूपमा भेग (कलस्टर) मिलाउन सकिन्छ कि सकिन्न ?
- जनसंख्या तथा वित्तीय सेवा उपलब्ध भएको बजार केन्द्र छ/छैन ?
- कर्मचारी तथा पूर्वाधारको सुरक्षा उपलब्ध हुनसक्ने/नसक्ने
- सेवा केन्द्रको लागि आवश्यक स्थान तथा घरहरु र कर्मचारीहरु बस्नसक्ने स्थान तथा त्यस स्थानमा मौजुदा सरकारी वा सार्वजनिक भवनको उपलब्धता, र घर भाडामा लिनु पर्ने नपर्ने विषय र उपलब्धता
- सम्बन्धित इलाकाको केन्द्र वा पायक पर्ने सेवा प्रवाह सगँ सम्बन्धित विषयगत कार्यालयहरुले पहिलेदेखि नै सेवा केन्द्र तोकेको स्थानलाई प्राथमिकता दिनुपर्नेछ )
- प्रत्येक सेवा केन्द्रको लागि छुट्टाछुट्टै बजेट तयार गरी सो बजेटमा हाल जिल्लाका विषयगत तथा प्रशासकीय निकायहरुको लागि विनियोजन भएको रकमबाट व्यहोर्न सकिने रकम र केन्द्रबाट न्यूनतम थप गर्नुपर्ने रकमको विस्तृत पुष्ट्याई सहित पेश गर्नुपर्ने

घ. **<u>सेवा केन्द्रको संगठन र दरबन्दी र कर्मचारी व्यवस्था</u>** : जिल्लाबाट सेवा केन्द्र सम्बन्धी सिफारिश गर्दा सेवा केन्द्रबाट प्रवाह गरिने सेवाहरु, सेवा प्रवाहको प्रक्रिया, केन्द्रको सगठन संरचना, आवश्यक दरबन्दी र विभिन्न तहका कर्मचारीहरु, सूचना र सञ्चारको व्यवस्था, नियन्त्रण र समन्वयको तौर तरिका र अधिकार प्रत्यायोजनका ढाँचा समेतको विस्तृत कार्ययोजना प्रस्तुत गर्नुपर्नेछ । सेवा केन्द्रको लागि आवश्यक दरबन्दी व्यवस्थापन गर्दा जिल्लाका सम्बन्धित निकायको मौजुदा दरवन्दीबाट खटाउन सकिने कर्मचारी समेतको विस्तृत विवरण संलग्न गर्नुपर्नेछ । जिल्लाका सेवा केन्द्रमा संलग्न हुने बाहेक निकायमा पनि कार्यबोझका आधार कर्मचारी खटाउन सकिने भएमा सो समेत उल्लेख गर्ने । यसैगरी केन्द्रबाट थप कर्मचारी आवश्यक पर्ने भए थप गर्नुपर्ने संख्या यकीन गर्ने ।

*(कर्मचारी पदस्थापना गर्दा पहिला सेवा केन्द्र, त्यसपछि जिल्लास्तर, त्यसपछि मात्र मन्त्रालय वा विभागस्तरमा पदपूर्ति गर्नुपर्छ । कर्मचारीको पदस्थापना गर्दा हाल मौजुदा (दरवन्दी) बाट नै गर्नुपर्नेछ)*

च सेवा केन्द्र सञ्चालनको लागि तोकिएका जिल्लास्थित सबै कार्यालयहरुले सेवा केन्द्रबाट प्रवाह गर्ने सेवा सम्बन्धी अधिकार प्रत्यायोजन अनिवार्य रूपमा गर्नु पर्ने, अर्धन्यायिक अधिकारको हकमा कानूनमा सशोधन गर्नुपर्ने भएमा सो समेत उल्लेख गरी पठाउनुपर्ने ।

छ. सेवा केन्द्र सञ्चालन कार्यविधिको हकमा जिल्लाबाट प्राप्त सुझावहरुलाई समेत विश्लेषण गरी केन्द्रबाट पछि उपलब्ध गराइनेछ ।

(४) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुन जिल्लामा कति संख्यामा सेवा केन्द्र स्थापना गर्ने भन्ने निर्णय गर्ने अधिकार नेपाल सरकारलाई मात्र हुने छ ।

४. **सेवाकेन्द्रको संगठन संरचनाः** (१) जुनसुकै सेवा वा समूहको राजपत्राङ्कित द्वितीय श्रेणीसम्मका अधिकृत स्तरसम्मका कर्मचारीलाई सेवा केन्द्रको प्रमुखको पदमा नेपाल सरकारले नियुक्त गर्नसक्नेछ । यसरी नियुक्त भएको कर्मचारी जुन सेवा वा समूह तथा श्रेणीको हो-सेवा प्रमुखको पद सोही सेवा वा समूह वा श्रेणीको पदको रूपमा स्वतः कायम भएको मानिनेछ ।

(२) सेवा केन्द्रमा स्थानीय प्रशासन, मालपोत, हुलाक, घरेलु उद्योग, यातायात, लगायतका प्रशासन तर्फका, कृषि तथा पशुसेवा, महिला विकास, शिक्षा, स्वास्थ्य, आयुर्वेद, वन तथा भू-संरक्षण, तथा अन्य प्राविधिक सेवाका राजपत्रांकिंत तृतीय श्रेणीसम्मका पदहरु कायम हुनेछन् ।

(३) सेवा केन्द्रको प्रमुखसँग परामर्श गरी सेवा केन्द्र मार्फत सेवा उपलब्ध गराउन चाहने सार्वजनिक संस्थानले पनि सेवा केन्द्रको अधीनमा रही काम गर्न कर्मचारी खटाउन सक्नेछन् ।

(४) सेवा केन्द्रमा निक्षेपण गरिने विकास तर्फका कार्यक्रमका लागि बजेट तथा कर्मचारी जिल्ला विकास समितिमार्फत पठाइनेछ । गाऊँ विकास समितिहरुले पनि लागत साझेदारी (Cost sharing) का आधारमा कर्मचारी करारमा राख्न सक्नेछन् ।

(५) सेवा केन्द्र व्यवस्थापनमा क्षेत्रगत मन्त्रालयबाट आवश्यकता बमोजिम थप कर्मचारी उपलब्ध हुनेछन् ।

(६) सेवा केन्द्रको तलव, भत्ता लगायतका प्रशासनिक खर्चमा विनियोजन गरिने रकमको दायित्व नेपाल सरकारको हुनेछ । स्थानीय निकाय तथा सार्वजनिक संस्थान तर्फको खर्च भने सेवा प्रदायक संस्थाको हुनेछ। तर स्थानीय निकायका कर्मचारीहरुको हकमा सम्बन्धित स्थानीय निकायबाट वा लागत साझेदारी (Cost sharing) का आधारमा पनि व्यहोरिन सकिनेछ ।

५. **सेवा केन्द्रको काम, कर्तव्य तथा अधिकार**: सेवा केन्द्रको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) सेवा केन्द्र मार्फत प्रदान गरिने सेवाको एकीकृत कार्य योजना तथा कार्य तालिका बनाई कार्यान्वयन गर्ने,

(२) प्रत्येक आर्थिक वर्षका लागि विकास निर्माणका योजना बनाई जिल्ला विकास समितिको योजना प्रक्रियामा समावेश गर्न स्वीकृति लिने,

(३) स्वीकृत स्रोत, साधन तथा कार्यक्रमको अधीनमा रही इलाकाभित्रका गा.वि.स./न.पा.मा बसोबास गर्ने व्यक्तिहरुलाई सेवा उपलब्ध गराउने,

(४) सेवा केन्द्र मार्फत प्रवाह गर्न सकिने थप सेवाहरुको पहिचान गरी सिफारिस गर्ने,

(५) इलाकाभित्रका गाऊँ विकास समिति, नगरपालिका, विद्यालय व्यवस्थापन समिति, सामुदायिक संस्था तथा गैर सरकारी निकायद्वारा संचालन गरिने कार्यक्रमलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने,

(६) केन्द्रीय सरकारद्वारा प्रदान गरिने नागरिकता, जग्गा नापजाँच, दर्ता तथा खारेजी, सार्वजनिक यातायात सेवाको रुट इजाजत, सवारी चालक अनुमति पत्र तथा यातायात सेवाको रुट इजाजतको नवीकरण लगायतका परम्परागत सेवाहरु एकै थलोबाट उपलब्ध गराउने,

(७) सेवाग्राहीको सन्तुष्टि मापन तथा सेवा पद्धतिमा परिमार्जन, उपलब्धि सूचक

(८) राजस्व असूली तथा कर शुल्क सम्बन्धी

(९) नेपाल सरकार तथा जिल्ला विकास समितिले गर्ने भनी तोकिएका अन्य कार्य गर्ने ।

६. **सेवा केन्द्रबाट दिइने सेवाहरुः** सेवा केन्द्रले देहायका सेवामध्ये नेपाल सरकारको स्वीकृति लिई देहायको सेवा उपलब्ध गराउनेछ ।

- कृषि प्रसारसम्बन्धी
- पशुसेवा तथा स्वास्थ्य सम्बन्धी
- वन, वातावरण, वन्यजन्तु तथा वनस्पति सम्बन्धी
- खाद्यान्न वितरण तथा खाद्य डिपो सम्बन्धी,

- गांऊँ विकास समितिमार्फत उपलब्ध नभएका सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गतका अन्य सेवाका भत्ता वितरण सम्बन्धी कार्यको अनुगमन र सुझाव
- शिक्षा स्रोतकेन्द्रको व्यवस्थापन तथा विद्यालय निरीक्षण सम्बन्धी,
- स्वास्थ्य चौकी सञ्चालन तथा प्राथमिक स्वास्थ्य सम्बन्धी
- महिला तथा लैङ्गिक विकास सम्बन्धी सामाजिक समावेशीकरण सम्बन्धी
- सामुदायिक विद्युतीकरण सम्बन्धी
- स्थानीय पूर्वाधार विकास सम्बन्धी
- जग्गा, नापजाँच, तथा रजिष्ट्रेसन र दाखिला खारेज
- नागरिकता तथा राहदानी सेवा दिने सम्बन्धी तोकिएका कार्य
- सार्वजनिक यातायात सेवाको रुट इजाजत, सवारी चालक अनुमति पत्र तथा इजाजतको नवीकरण,
- सवारी साधन कर संकलन तथा अन्य कर असूलीमा सहयोग
- नेपाल सरकार वा स्थानीय निकायले तोकेका अन्य सेवाहरु

७. **सेवा केन्द्रको कार्यक्रम, वजेट र वित्तीय व्यवस्था सेवा** : (१) आफ्नै स्रोत तथा विषयगत मन्त्रालय/निकाय एवं राष्ट्रिय योजना आयोगबाट प्राप्त हुने विषयगत कार्यालयहरु एवं जिल्ला विकास समितिको सशर्त/निशर्त अनुदानका रुपमा निकासा भएको बजेटबाट जिल्ला विकास समितिले सेवाकेन्द्रलाई बजेट छुट्याई परिषद्बाट कार्यक्रम र बजेट स्वीकृत गर्नेछ । सेवा केन्द्रमार्फत सञ्चालन हुने सवै विकास कार्यक्रमहरुका लागि आवश्यक पर्ने बजेट सम्बन्धित मन्त्रालयले सिधै जिल्ला विकास समितिमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृत वार्षिक कार्यक्रमका लागि प्राप्त बजेट सम्बन्धित जिल्ला विकास समितिले सेवाकेन्द्रलाई उपलब्ध गराउनेछ ।

(३) सेवा केन्द्रको प्रशासनिक खर्चका लागि विनियोजित बजेट सम्बन्धित क्षेत्रगत मन्त्रालयबाट नै उपलब्ध हुने वा नेपाल सरकार अर्थमन्त्रालयले अख्तियारी दिई सोझै पठाउन सक्नेछ ।

(४) सेवा केन्द्रमा रहेका विषयगत निकायका एकाइ प्रमुख आ-आफ्नो कार्यक्रम सँचालन गर्न स्वायत्त रहनेछन् ।

(५) सेवा केन्द्रको प्रमुख र जिल्ला विकास समितिले तोकेको लेखाका कर्मचारीबाट सेवा केन्द्रको खाता संचालन हुनेछ । लेखाको कर्मचारी तोक्दा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय तथा विषयगत कार्यालयको सहमतिमा तोकिनेछ ।

(६) सेवाकेन्द्रको आर्थिक कार्य संचालन स्थानीय निकाय (आर्थिक प्रशासन सम्बन्धी ) नियमावली, २०६४ अनुसार हुनेछ ।

(७) सेवा केन्द्रको आन्तरिक लेखापरीक्षण जिल्ला विकास समितिको आन्तरिक लेखा परीक्षण शाखाबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकवाट हुनेछ ।

८. **सेवा केन्द्रको कार्यालय व्यवस्थापन** : (१) नेपाल सरकारका कृषि, पशुसेवा, वन, खानेपानी वा अन्य सरकारी कार्यालयका सेवा केन्द्रमा आबद्ध हुने कार्यालय वा नेपाल सरकारको स्वामित्वमा रहेका कुनैपनि आयोजना वा स्थानीय निकायको सम्बन्धित इलाका सेवा केन्द्रको रूपमा रहेको भवनलाई सेवा केन्द्रको भवनको रूपमा प्रयोग गर्ने व्यवस्था दफा (३) को खण्ड (३) बमोजिमको समितिले मिलाउनेछ । यस्तो भवन उपलब्ध नभएमा अन्य कुनै संघ संस्थाको स्वामित्वमा रहेको भवनमा सामान्य मर्मत सम्भार पछि उपयोग गर्न सकिएमा सो समेत गर्न सकिनेछ ।

९. **सेवा केन्द्र तथा स्थानीय निकायबीचको सम्बन्ध** : (१) स्थानीय प्रशासनबाट खटिएको बाहेक सेवा केन्द्रमा कार्यरत सबै कर्मचारी स्थानीय विकास अधिकारीमार्फत जिल्ला विकास समितिप्रति उत्तरदायी हुनेछन् ।

(२) परम्परागत सेवा बाहेकाका सबै सेवाको लागि आवश्यक रकमको निकासा सामान्यतया जिल्ला विकास समिति मार्फत हुनेछ ।

(३) स्थानीय निकाय/जिल्ला विकास समितिमार्फत निकासा हुने रकमको स्वीकृति सम्बन्धित जिल्ला परिषद् वा सम्बन्धित स्थानीय निकायबाट भएको हुनुपर्नेछ ।

(४) विषयगत कार्यक्रमका लागि सेवा केन्द्रको प्रमुख स्थानीय विकास अधिकारीमार्फत सम्बन्धित विषयगत मन्त्रालयका सचिवप्रति उत्तरदायी हुनेछन् ।

(५) इलाकाको कुनै गांऊँ विकास समितिले प्राविधिक सहयोग माग गरेमा उपलब्ध गराउनु सम्बन्धित सेवा केन्द्रको कर्तव्य हुनेछ ।

(६) सेवा, केन्द्रले आफूले उपलब्ध गराउने सेवामध्ये केही सेवाहरु सेवा केन्द्र अन्तर्गतका गांऊँ विकास समितिले उपलब्ध गराउने गरी स्रोत सहित निक्षेपण गर्न सक्नेछ ।

(७) सेवा केन्द्रबाट प्रदान गरिने परम्परागत तथा विकास निर्माण सम्बन्धी सेवाको अनुगमन सम्बन्धित जिल्ला विकास समितिले गर्नेछ ।

१०. **समन्वय समिति** सेवाकेन्द्रको कार्यमा सहजीकरण गर्न देहायको जिल्लास्तरीय तथा सेवा केन्द्र स्तरीय समन्वय समितिहरु गठन गरिनेछन् :

**(क) जिल्ला समन्वय समितिः** जिल्ला समन्वय समितिको गठन देहाय अनुसार हुनेछ ।:

- जिल्ला विकास समितिका सभापति - संयोजक
- स्थानीय विकास अधिकारी - उप-संयोजक
- जिल्ला कृषि विकास कार्यालयका प्रमुख - सदस्य
- डिभिजन सहकारी कार्यालयका प्रमुख - सदस्य
- जिल्ला पशुसेवा कार्यालयका प्रमुख - सदस्य
- जिल्ला शिक्षा कार्यालयका प्रमुख - सदस्य
- जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख - सदस्य
- जिल्ला भू-संरक्षण कार्यालयका प्रमुख - सदस्य

- महिला विकास कार्यालका प्रमुख - सदस्य
- जिल्ला प्राविधिक कार्यालयका प्रमुख - सदस्य
- जिल्ला प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि - सदस्य
- जिल्ला वन कार्यालयका अधिकृत प्रतिनिधि - सदस्य
- जिल्ला प्रहरी कार्यालयका अधिकृत प्रतिनिधि - सदस्य
- स्थानीय विकास अधिकारीले तोकेको अधिकृत - सदस्य सचिव ।

**(ख) सेवा केन्द्रस्तरीय समन्वय समितिः** सेवा केन्द्रमार्फत दिइने सेवाको छनौट, सेवा उपलब्ध गरिने प्रणाली तथा तालिकाको निर्धारण, दिइएका सुविधाहरुको अनुगमन गर्न देहायको सेवा केन्द्रस्तरीय समन्वय समिति गठन हुनेछ । :

- इलाकाबाट जिल्ला विकास समितिमा प्रतिनिधित्व गर्ने सदस्य -संयोजक
- सेवाकेन्द्रको प्रमुख -उप संयोजक
- इलाकास्तरमा रहेका सेवा केन्द्र/उपकेन्द्र प्रमुख -सदस्य
- इलाका प्रशासन कार्यालयका प्रतिनिधि -सदस्य
- इलाका प्रहरी कार्यालयका प्रतिनिधि -सदस्य
- जिल्ला विकास समितिको योजना अधिकृत -सदस्य
- सेवा केन्द्रको प्रमुखले तोकेको कर्मचारी -सदस्य सचिव

**(ग) अन्तर गाऊँ विकास समन्वय समितिः** सेवा केन्द्रको बजेट तथा कार्यक्रम तर्जुमामा सहयोग पुर्‍याउन तथा प्रदान गरिने सेवा समन्वयात्मक रुपमा उपलब्ध हुने सुनिश्चित गर्न सेवा केन्द्र रहेका इलाकामा पर्ने सबै वा केही गाऊँ विकास समितिका निर्वाचित अध्यक्ष वा निजको प्रतिनिधि तथा गांऊँ विकास समितिमा कार्यरत सचिवहरु रहेको एक अन्तर गाऊँ विकास समन्वय समिति गठन गरिनेछ । यस समितिमा सेवाग्राहीमध्ये इलाकाभित्रका सबै गाऊँ विकास समितिको न्यूनतम एक जना प्रतिनिधित्व हुने गरी समानुपातिक तवरले जिल्ला विकास समितिका सभापतिले सदस्य मानोनयन गर्न सक्नेछ ।

११. **सेवाकेन्द्र सहजीकरण केन्द्रीय एकाइ :** स्थानीय विकास मन्त्रालयका सचिवको अध्यक्षतामा राष्ट्रिय योजना आयोगको सचिवालय, अर्थ मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एवं विषयगत मन्त्रालयका निक्षेपण सम्बन्धि कार्यका सम्पर्क अधिकृत वा योजना महाशाखाका प्रमुख र स्थानीय निकायका संघ/महासंघ रहेको एक सेवा केन्द्र सहजीकरण केन्द्रीय एकाइ स्थापना गरिनेछ । यस एकाइको सचिवालयको काम स्थानीय विकास मन्त्रालयको निक्षेपण सम्बन्धी कार्य हेर्न महाशाखाले गर्नेछ ।

१२. **अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन व्यवस्थाः** सेवा केन्द्र अन्तर्गत संचालन भएका विविध कार्यक्रम तथा प्रदान गरिएका सेवाहरुको सञ्चालन तथा व्यवस्थापनको अनुगमन चौमासिक तथा वार्षिकरूपमा जिल्ला विकास समितिले गर्नेछ र सोको प्रतिवेदन जिल्ला परिषद्को बैठकमा पेश गर्नुपर्नेछ । जिल्ला समन्वय समितिले कार्यक्रमको प्रभावकारिता बढाउन नियमित अनुगमन गर्नेछ र देखा परेका मुद्दा (issue) समाधानमा सहजीकरण गर्नेछ ।

१३. **सेवा केन्द्र परिक्षणको रूपमा स्थापना गर्न सकिने:** यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि मुलुकभरिमा एकै पटक सबै सेवा केन्द्र स्थापना गर्न नसकिने वा आवश्यक नहुने लागेमा नेपाल सरकारले सेवा केन्द्र स्थापनाको कार्य तालिका बनाई परिक्षणको रूपमा केही जिल्लाका सबै इलाका वा केही जिल्लाका केही इलाकामा आंशिक रूपमा सेवा उपलब्ध गराउने गरी सेवा केन्द्र स्थापना गर्न सक्नेछ। पहिलो पटकलाई अनुसूची-१ मा उल्लेख भएका जिल्ला र स्थानहरुमा सेवा केन्द्र स्थापना हुनेछन्।

१४. **अन्य व्यवस्था:** सेवा केन्द्र सम्बन्धि अन्य व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) सेवा केन्द्रस्तरमा प्रवाह गरिने सेवाको स्तरको निश्चित मापदण्ड बनाई मूल्याङ्कन गरिनेछ।

(ख) सेवाकेन्द्रहरुमध्ये सबैभन्दा उत्तम सेवा केन्द्रका कार्यहरु (Best Practices) लाई अन्य सेवाकेन्द्रमा अवलम्बन गर्दै लगिनेछ।

(ग) उत्तम सेवा प्रदान गर्ने कम्तीमा ५ वटा सेवा केन्द्रलाई नेपाल सरकारले हरेक वर्ष लोकतन्त्र दिवसको दिन पुरस्कृत गर्नेछ।

(घ) सेवा केन्द्रको सेवा सञ्चालनमा सहयोग गर्नु नागरिक समाज, निजी क्षेत्र र सेवाग्राहीको कर्तव्य हुनेछ।

(ङ) सेवाकेन्द्रमा सदाचार पद्धतिलाई पूर्ण रूपमा संस्थागत गरिनेछ।

(च) अति दुर्गम स्थानमा रहेका सेवा केन्द्रमा कार्यरत कर्मचारीहरुलाई प्रवाह गरेको सेवाको आधारमा क्षमता विकासका लागि प्रत्यक्ष/अप्रत्यक्ष सुविधा उपलब्ध गराइनेछ ।